# बराहक्षेत्र नगरपालिकाको पर्यटन प्रवर्द्धन कार्यविधि २०८३

नगर कार्यपालिकाबाट स्वीकृत मिति : वि.सं २०८३/०१/१३

प्रमाणीकरण मिति : वि.सं २०८३/०१/३१

प्रस्तावना

बराहक्षेत्र नगरपालिका क्षेत्रको प्राकृतिक, ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक सम्पदा एवम् वातावरणको संरक्षण गर्दै यस नगर क्षेत्रभित्र छरिएर रहेका पर्यटनसँग सम्बन्धित स्थान, संस्कृतिहरुलाई व्यवस्थित गर्न, पर्यटन संचालकहरु र पर्यटन व्यवसायको विकास, विस्तार, एवम् प्रवर्द्धन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा यस नगरपालिकालाई एक आकर्षक, भरपर्दो पर्यटकीय गन्तव्य स्थलको रुपमा विकसित गरेर स्थानीय उत्पादनबाट स्वदेशी तथा विदेशी मुद्रा आर्जन, स्वरोजगारका अवसरहरुको सृजना तथा समृद्धि हासिल गर्नका निमित्त बराहक्षेत्र नगरपालिकाको पर्यटन प्रवर्द्धन गर्न वाञ्छनिय भएकोले बराहक्षेत्र नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४(१) बमोजिमको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि तयार गरी स्वीकृत गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस कार्यविधि को नाम "बराहक्षेत्र नगरपालिकाको पर्यटन प्रवर्द्धन कार्यविधि २०८३" रहेको छ।

(२) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२. परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "निर्देशक समिति" भन्नाले यस कार्यविधिको दफा ९ बमोजिम गठित निर्देशक समितिलाई सम्झनु पर्नेछ ।

(ख) "संयोजक" भन्नाले निर्देशक समितिको संयोजकलाई सम्झनु पर्नेछ ।

(ग) "सदस्य" भन्नाले निर्देशक समितिको सदस्यलाई सम्झनु पर्नेछ ।

(घ) "प्रमुख" भन्नाले बराहक्षेत्र नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्नेछ ।

(ङ) "उपप्रमुख" भन्नाले बराहक्षेत्र नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्नेछ ।

(च) "कार्यालय प्रमुख" भन्नाले बराहक्षेत्र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ ।

(छ) "नगरपालिका" भन्नाले बराहक्षेत्र नगरपालिकालाई सम्झनु पर्नेछ ।

(ज) □सार्वजनिक जग्गा□ भन्नाले नेपाल सरकारको स्वामित्वमा भई हाल स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नगरपालिकाको रेखदेख र संरक्षण रहेका जग्गाहरु सम्झनु पर्दछ र सो शब्दले सडक क्षेत्राधिकार भित्र पर्ने सडक किनारको जग्गा, कोशी नदी र नदी उकास क्षेत्रलाई समेतलाई जनाउनेछ।

(झ) "पर्यटक" भन्नाले बराहक्षेत्र नगरपालिका भन्दा बाहिर स्वदेश तथा विदेशबाट बराहक्षेत्र नगरपालिकामा भ्रमणमा आउने नेपाली नागरिक तथा गैर नेपाली नागरिकलाई सम्झनु पर्दछ।

(ञ) "पर्यटन व्यवसाय" भन्नाले :-

१. पर्यटकहरुको लागि राष्ट्रिय अन्तराष्ट्रीय परिवहनको सेवा पुर्याउने कारोबार

२. पर्यटकहरुलाई नगरक्षेत्र भित्र वा बाहिर कुनै पनि स्थानको पूर्ण वा आंशिक रुपमा परिवहन, बसोबास, भ्रमणको व्यवस्था, रेस्टुरेन्ट सेवा, दृष्यावलोकन, पथ प्रर्दशन, पदयात्रा तथा अन्य साहसिक एवम् मनोरञ्जनात्मक सेवा पुर्याउने र सो वापत स्वदेशी तथा विदेशी मुद्रा आर्जन गर्ने प्रकृतिका कारोबार

३. पर्यटकहरुलाई पूर्ण वा आंशिक रुपमा खुद्रा वस्तुहरु विक्री गर्ने कारोबार

४. उपखण्ड १,२,३ बमोजिम कारोबार गरी पर्यटकहरुलाई आकर्षित गर्नको निमित्त पूर्ण वा आंशिक रुपमा कला संस्कृतिको प्रस्तुति वा अन्य कुनै प्रदशनी, आयोजना, मेला, प्रचार प्रसार अभियान सञ्चालन गर्ने कार्यलाई समेत सम्झनुपर्दछ ।

## परिच्छेद -२
## निर्देशक समितिको स्थापना र व्यवस्था

**३. निर्देशक समितिको स्थापना :-** (१) बराहक्षेत्र नगरपालिकालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा एक आकर्षक पर्यटन स्थलको रुपमा स्थापित गर्न पर्यटकीय स्थलहरुको विकास गरी पर्यटन व्यवसायको विकास, विस्तार तथा प्रवर्द्धनका लागि निर्देशक समिति गठन गरिने छ ।

(२) निर्देशक समितिको मुख्य कार्यालय बराहक्षेत्र नगरपालिका भित्र रहनेछ ।

**४. निर्देशक समितिको उद्देश्य :-** निर्देशक समितिको उद्देश्य निम्नबमोजिम हुनेछ ।

(१) बराहक्षेत्र नगरपालिकालाई एक आकर्षक पर्यटक स्थलको रुपमा विकसित गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा परिचित गराउने ।

(२) नगर क्षेत्रको प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवम् वातावरणको संरक्षण र सम्वर्द्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गर्ने ।

(३) पर्यटन व्यवसायको विकास, विस्तार र प्रबर्द्धनद्वारा स्थानीय उत्पादन तथा स्थानीय आर्जनमा अभिवृद्धि गरि बढी भन्दा बढ़ी रोजगारीका अवसरहरुको सृजना गर्ने ।

(४) बराहक्षेत्र नगरपालिकालाई सुरक्षित, भरपर्दो, तथा आकर्षक पर्यटन स्थलको रुपमा विकसित गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटन समुदायमा यस नगरको छविलाई उच्च एवम् मर्यादित ढंगबाट स्थापित गर्ने ।

(५) पर्यटकहरुलाई गुणात्मक सेवा प्रदान गर्न पर्यटन व्यवसायमा देखापरेका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउन आवश्यकता अनुसार कार्यमुलक अनुसन्धान गर्ने, गराउने ।

(६) नगर क्षेत्रभित्र पर्यटन विकासका गठित संघसंस्थाहरुको छाता संगठनको रुपमा रही एकीकृत रुपमा पर्यटन विकास गर्न सघाउ पुर्याउने ।

(७) बराहक्षेत्र नगरपालिकाको प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण, प्रवद्र्धन तथा पर्यटकीय आकर्षण केन्द्रको रुपमा चिनाउने,

(८) पर्यटनको प्रवद्र्धन गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने,

## परिच्छेद - ३

## निर्देशक समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**५. निर्देशक समितिको गठन :** (१) निर्देशक समितिको उद्देश्य प्राप्तिका लागि आवश्यक कार्यक्रमहरू सुव्यवस्थित रूपले सञ्चालन गर्न, गराउन र निर्देशक समितिका सम्पूर्ण काम कारवाहीहरूको रेखदख तथा प्रबन्ध गर्नका लागि देहाय बमोजिमको समितिको गठन गरिने छ ।

(२) समितिमा देहायका सदस्यहरू रहने छनः-

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उप-प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) वडा अध्यक्ष वडा नं १ देखि ११ सम्म - सदस्य

(ङ) पर्यटन प्रवर्द्धन गर्ने कार्यमा संलग्न रहेका पर्यटन व्यवसायी, पर्यटन तथा प्राकृतिक एवम् सांस्कृतिक सम्पदासँग सम्बन्धित विशेषज्ञहरू मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेका १ महिला सहित ३ जना - सदस्य

(च) आर्थिक विकास समितिको संयोजक - सदस्य

(छ) आर्थिक विकास शाखा प्रमुख - सदस्य सचिव

(३) समितिले आवश्यक देखेमा कुनै स्वदेशी विशेषज्ञ, सल्लाहकार वा पर्यटन व्यवसायसँग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकका रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

**६. निर्देशक समितिको बैठक र निर्णय :** (१) समितिका बैठक कम्तीमा दुई महिनामा एक पटक संयोजकले तोकेका मिति, समय र स्थानमा बस्नेछ । तर संयोजकले चाहेमा सो भन्दा अगाव पनि समितिका बैठक बोलाउन सक्नेछ ।

(३) समितिका सदस्य-सचिवले समितिका बैठक बस्ने सूचनाका साथमा बैठकमा छलफल हुन विषयहरूको सूची बैठक बस्नुभन्दा २४ घण्टा अगावै सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ ।

(५) समितिका कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिका बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) समितिका बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकका अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) समितिका बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. निर्देशक समितिको काम, कर्तव्य र अधिकार :-** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(१) नगर भित्र रहेका पर्यटकीय गतिविधिहरुलाइ स्थानीय सरकारको दायरामा ल्याउने, पर्यटकहरुलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायहरुको क्रियाकलापहरुमा समन्वयन गर्ने, गराउने ।

(२) पर्यटन व्यवसायको विकास र विस्तारको लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तिय आधारहरु तयार पारी सोही अनुसार पर्यटन विकाससँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने ।

(३) पर्यटन व्यवसायको विकास, विस्तार र प्रबर्द्धन गर्नको लागि पर्यटन सम्बन्धी विविध क्रियाकलापहरुमा निजि क्षेत्रको सहभागितालाई अधिकतम मात्रमा प्रोत्साहित गर्ने, गराउने ।

(४) पर्यटनसँग सम्बन्धित विद्यमान भौतिक पूर्वाधारहरुको व्यवस्थित र प्रभावकारी ढंगले उपयोग गरी पर्यटनकहरुलाई नगरपालिकाको धार्मिक र साँस्कृतिक महत्वका स्थलहरु तथा मनोरम प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गराउन निजी क्षेत्रलाई उत्प्रेरित गर्ने-

(५) नगरपालिकालाई एक शाहसिक, प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पर्यटन केन्द्रको रुपमा विकसित गर्दै लैजाने र क्रियाकलापहरुलाई मौलिक साँस्कृतिक र परम्परामा प्रतिकुल असर नपर्ने गरी नगरपालिकाका विभिन्न भागहरुमा सञ्चालन गर्ने, गराउने र त्यस्ता पर्यटन सम्बन्धी कृयाकलापहरु सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

(६) बराहक्षेत्र नगरपालिका र अन्य स्थानमा भएका धार्मिक स्थलहरुको कनेक्टिभिटीमा जोड दिने, साझा विशेषता भएका अन्य नगरसँग भगिनी सम्वन्ध कायम गर्ने,

(७) स्थानीय पर्यटनसँग अन्तरसम्वन्धित् विषयहरुको सम्वन्धमा नीतिगत व्यवस्था गर्ने,

(८) राष्ट्रिय तथा अन्तराष्ट्रिय लगानी कर्ताहरुलाइ यस क्षेत्रमा लगानीका लागि समन्वय सहकार्य तथा आकर्षण गर्ने,

(९) पर्यटनको प्रवद्र्धन गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरि कार्यन्यन गर्ने, गराउने ।

(१०) राष्ट्रिय तथा अन्तराष्ट्रिय सभा-सम्मेलन, व्यापार मेला, साँस्कृतिक तथा युवा महोत्सव, खेलकूद प्रतियोगिता लगायत अन्य रचनात्मक तथा प्रबर्द्धनात्मक पर्यटकीय उत्पादनसँग सम्बन्धित क्रियाकलापहरु आफैले सञ्चालन गर्ने र निजी क्षेत्रलाई समेत त्यस्ता क्रियाकलापहरु सञ्चालन गर्न प्रोत्साहित गर्ने ।

(११) ऐतिहासिक महत्व भएका स्थलहरु तथा मठ, मन्दिर, गुम्बा, मस्जिद, साकेला थान लगायतका स्थानीय सम्पदाहरुको संरक्षण सम्बन्धी विविध क्रियाकलामरुमा स्थानीय जनसमुदायको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने ।
(१२) पर्यटन पूर्वधार तथा सुविधाहरुको सुदृढ़िकरणगदै नयाँ पर्यटन स्थलहरुको विकास गर्दा पनि खास गरि ग्रामिण पर्यटन स्थलहरुको विकारलाई प्राथमिकता दिने र ग्रामिण पर्यटन विकासका विविध कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय ग्रामीण समुदायलाई उत्प्ररित गर्ने ।
(१३) नयाँ पर्यटकीय स्थलको पूर्वाधार निर्माण र विकासमा लगानी परिचालन गर्ने, गराउने।
(१४) धार्मिक तीर्थस्थलहरुको संरक्षण तथा सम्बर्द्धन गरी धार्मिक पर्यटनको विकास गर्नको लागि धार्मिक तथा साँस्कृतिक महत्वका स्थलहरुमा पर्यटकहरु बढी आकर्षित हुने गरी सुविधाहरु विस्तार गर्नुको साथै यस्ता स्थलहरुलाई अन्तराष्ट्रिय धार्मिक केन्द्रको रुपमा विकसित गर्ने, गराउने ।
(१५) स्थानीय तथा अन्तराष्ट्रिय पर्यटन उद्गम बजारहरुमा प्रतिस्पर्धात्मक रूपमा पर्यटन प्रबर्द्धन गरी बराहक्षेत्र नगरपालिकालाई विश्वको एक प्रमुख पर्यटन केन्द्रको रुपमा विकसित गर्ने, गराउने ।
(१६) वन्यजन्तु अवलोकन जस्ता पर्यटनको विकास र प्रबर्द्धन गर्ने ।
(१७) पर्यटन सेवा र सुविधाहरुको गुणस्तर वृद्धि गर्नको लागि पर्यटन व्यवसायीहरुलाई आ-आफ्नो व्यावसायिक संघहरु मार्फत आचार संहिता लागु गराउने ।
(१८) पर्यटन व्यवसायमा संलग्न रहेका व्यक्ति वा संस्थाहरुलाई प्राविधिक ज्ञान पशिक्षण तथा प्राविधिक सहयोग प्रदान गर्ने सम्बन्धमा आवश्यक तालिम तथा प्रशिक्षण दिने कार्यमा सहयोग पुऱ्याउने ।
(१९) पर्यटन व्यवसायको विकास गर्नको लागि नगरपालिका र नगरपालिकाबाट गठित पर्यटक समितिहरुलाई समय समयमा आवश्यक सुझाव तथा परामर्श दिने ।
(२०) पर्यटक तथा पर्यटन व्यवसायिलाई पर्यटनसँग सम्बन्धित विषयहरुका सम्बन्धमा आवश्यक सेवा तथा परामर्श प्रदान गर्ने, गराउने ।

(२१) पर्यटन व्यवसायको विकास, विस्तार र प्रवर्द्धन सम्बन्धी नीतिगत व्यवस्था, मापदण्ड तर्जुमा, योजनाको कार्यन्वयन लगायत  अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

(२१) कोशीटप्पु वन्यजन्तु आरक्षको निकुञ्जमा स्तरउन्नति गर्न आवश्यक पहल गर्ने ।

## परिच्छेद - ४

## कार्य समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**८. कार्य समिति गठन गर्न सक्ने :** (१) बराहक्षेत्र नगरपालिका क्षेत्रभित्रको स्थानीय पर्यटन प्रवर्द्धन गर्न निर्देशक समितिले तोकिदिएको क्षेत्रभित्र कार्यक्षेत्र रहने गरी कार्य समिति गठन गर्न सकिने छ।

(२) कार्य समितिको दर्ता प्रकृया बराहक्षेत्र नगरपालिकाको संघ संस्था दर्ता ऐन, २०८० को दफा ३ बमोजिम हुनेछ ।

**९. संगठित संस्था मानिने :** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक कार्य समिति अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो कार्य समितिको सबै कामको निम्ति आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) कार्य समितिले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र नगर कार्यपालिकाको अनुमति लिई वेचबिखन गर्न सक्नेछ ।

(३) कार्य समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

**१०. कार्य समितिको सभा बोलाउने तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्वन्धि कुराहरु :** (१) यस कार्य समितिको साधारण सभा देहाय बमोजिम हुनेछ :

(क) प्रारम्भिक साधारण सभा

(ख) वार्षिक साधारण सभा

(ग) विशेष साधारण सभा

(२) यस कार्य समितिको प्रारम्भिक साधारण सभा संस्था संस्थापन भएको तीन महिना भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र गरिने छ ।

(३) यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ दिन अगावै सभा हुने मिति, समय र स्थान छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिईने छ ।

(४) उपदफा (३) बमोजिम बोलाईएको साधारण सभामा गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पूनः साधारण सभा बोलाईनेछ ।

**११. साधारण सभाको काम कर्तब्य र अधिकार :**

(क) कार्य समितिको निर्वाचन गर्ने ।

(ख) कार्य समितिका पदाधिकारी एवं सदस्यहरु उपर अविश्वासको प्रस्ताव पारित गरि पद मूक्त गर्ने ।

(ग) बिधानको अधिनमा रहि आवश्यक नियमावली स्विकृत गर्ने दरवन्दि सृजना गर्ने पारिश्रमिक निर्धारण गर्ने ।

(घ) बार्षिक कार्यक्रम र बजेट पारित गर्ने ।

(ङ) लेखा परिक्षक नियूक्त गर्ने ।

(च) कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

(छ) विधान बमोजिम अन्य कार्य गर्ने र

(ज) सस्थाको सर्वोच्च अंगको रुपमा रही आवश्यक कार्य सम्पादन गर्ने गराउने ।

**१२. कार्य समिति :**

(क) कार्य समितिको गठन साधारण सभाबाट हुनेछ । वढीमा ११ सदस्यीय समिति बनाउनुपर्ने छ ।

(ख) कार्य समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्बन गर्नुपर्नेछ। समितिमा कम्तिमा तेत्तिस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ। समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एकजना महिला पदाधिकारी हुनु पर्नेछ ।

(ग) कार्य समितिको कार्यकाल ४ वर्ष हुनेछ ।

(ङ) कार्य समितिको वैठक आवश्यकता अनुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ।

(च) कार्य समितिको वैठकमा सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।

(छ) सदस्यहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको वैठक हुने छैन ।

(ज) कार्य समितिको वैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको अनुपस्थितिमा वैठकमा उपस्थित सदस्यहरुले छानेको जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(झ) कार्य समितिको वैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(ञ) कार्य समितिको वैठकमा छलफल भएको विषय र तत् सम्बन्धमा भएको निर्णयको विवरण (माइन्युट) छुट्टै कितावमा लेखी राख्नुपर्नेछ र सो निर्णयको विवरणमा, वैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तिमा ५१ प्रतिशतले सहि लाई गणपुरक मानिनेछ ।

(ट) सम्पूर्ण कार्यहरु कार्य समितिको निर्णयबाट हुनेछ ।

**१३. कार्य समितिको काम, कर्तव्य र अधिकार :**

(१) कार्य समितिको नियमित आम्दानी र खर्चको हिसाव राख्ने

(२) स्वीकृत बार्षिक कार्यक्रम र बजेट तर्जुमा कार्यन्वयन गर्ने

(३) वार्षिक लेखा परिक्षण गराई सो को प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्ने,

(४) स्थानीय पर्यटन, परम्परा, शैली तथा संस्कृतिको संरक्षण गर्ने,

(५) पर्यटकहरुलाई बराहक्षेत्रका धार्मिक तथा ऐतिहासिक स्थलको बारेमा जानकारी गराउने, प्रचार प्रसार गर्ने,

(६) पर्यटकहरुको स्वागत तथा पाहुनाको आवास व्यवस्था मिलाउने,

(७) बजार, मेला, धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरुको व्यवस्थापन र समन्वय गर्ने,

(८) पर्यटन व्यवसायसँग सम्बन्धित कुनै पनि कारोबार गर्नका निमित्त नगरपालिकाको स्वीकृति लिई कुनै पनि व्यक्ति, संस्था वा निकायको प्रतिनिधिको हैसियतले कार्य गर्ने,

(९) पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, प्रबर्द्धन तथा संरक्षण गर्ने सम्बन्धमा पूर्वाधार विकास, पर्यटन सेवा, सुविधा, विस्तार, जनशक्ति विकास र पर्यटन स्थलहरुको पर्यावरण संरक्षण गर्ने कार्य समेतका सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(१०) पर्यटकहरुका लागि सुविधा वृद्धि गर्ने कार्यमा संलग्न भई बराहक्षेत्र नगरपालिकालाई एक आकर्षक पर्यटन स्थलको रुपमा विकसित गर्ने ।

(११) पर्यटन जनचेतनाको लागि विभिन्न तहमा प्रचार, प्रसार कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(१२) पर्यटन व्यवसायीहरुबाट पर्यटकलाई प्रदान गरिने सेवा तथा सुविधाहरुलाई स्तरीय बनाई पर्यटकहरुको सुरक्षाको लागि समेत विशेष व्यवस्था गर्ने ।

(१३) पर्यटकहरुलाई आवश्यक सेवा तथा सुविधा उपलब्ध गराउनको लागि सहयोग गरी आन्तरिक पर्यटनको विकासमा सहयोग पुऱ्याउने ।

(१४) पर्यटन व्यवसायसँग सम्बन्धित निकायहरुले अपनाउनु पर्ने गुणस्तरलाई नियमित गरी त्यस्तो गुणात्मक सेवा प्रदान नगर्ने निकायहरुलाई प्रचलित कानुन बमोजिम कारवाही चलाउनको निमित्त नगरपालिकालाई अनुरोध गर्ने ।

(१५) बराहक्षेत्र नगरपालिकाको पर्यटन प्रवद्र्धन गर्न आवश्यकता अनुसार सम्पूर्ण कार्य गर्ने ।

(१६) नगरपालिका, निर्देशक समितले दिएको निर्देशनको कार्यन्वयन गर्ने,

## परिच्छेद - ५

## लेखा व्यवस्थापन र लेखापरीक्षण

**१४. खाता सञ्चालनः** कार्य समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष सहित तीन जनाको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था गरिनेछ ।

**१५. कार्य समितिको लेखा र लेखा परीक्षण :**

(१) कार्य समितिको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) कार्य समितिको लेखा परिक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

(३) नगरपालिकाले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाव किताव जाँच्न वा जँचाउन सक्नेछ ।

(४) लेखा परीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ । लेखा परीक्षकको बार्षिक प्रतिवेदन नगरपालिका लगायत सम्बन्धित निकायमा पेश गरिने छ ।

## परिच्छेद - ६
## विविध

**१६. अनुमति दिने:** (१) कार्य समितिले बजार, मेला, धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरुको व्यवस्थापन र समन्वय गर्न सिफारिस प्रदान गर्नेछ ।

(२) प्रचलित कानुन बमोजिम नगरपालिकाले कार्य समितिसँग समन्वय गरी स्थानीय बजार, मेला, धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरुमा पार्किङ शुल्क, मनोरञ्जन कर, फोहोरमैला व्यवस्थापन शुल्क, स्टल व्यवस्थापन शुल्क, पानी जहाज दर्ता तथा नविकरण लगायतका क्षेत्रमा कर उठाउने छ ।

(३) उपदफा (२) बमोजिमको कार्य सम्पादन तथा व्यवस्थापन गर्न कार्य समितिले आवश्यक सहयोग गर्नुपर्ने छ र त्यस्तो व्यवस्थापन गरे बापत निर्देशक समितिले तोकिदिएको शुल्क कार्य समितले लिन सक्नेछ ।

**१७. जग्गा व्यवस्थापन:** सार्वजनिक जग्गा सडक क्षेत्राधिकार भित्र पर्ने सडक किनारको जग्गा, कोशी नदी र नदी किनाराका निजी जग्गा, कोशी सम्झौता अन्तर्गत पर्ने जग्गालाई प्रचलित कानुन विपरीत नहुनेगरी निर्देशक समितिले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ।

आज्ञाले
रा धका गरी
प्रमुख प्रशासकीय अ धकृत